# दुर्गा भगवती गाउँपालिका

# स्थानीय राजपत्र

**दुर्गा भगवती गाउँपालिकाद्वारा प्रकाशित**

**खण्ड : २, संख्या : २, मिति : २०८२/०५/२९**


# भाग-१

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम दुर्गा भगवती गाउँपालिकाको गाउँ सभाले पारित गरेको ऐन सर्वसाधारणको जानकारीका लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम प्रकाशन गरिएको छ ।

**सम्बत् २०८२ सालको ऐन नं. २**

## दुर्गा भगवती गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको आर्थिक ऐन, २०८२

**प्रमाणीकरण मिति : २०८२।०५।२९**

**प्रस्तावनाः** दुर्गा भगवती गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क निर्धारण गर्ने, छुट दिने तथा आय सङ्कलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) र धारा २२६ को उपधारा (१) ले दिएको अधिकार प्रयोग गरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम दुर्गा भगवती गाउँपालिकाको गाउँ सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम **"दुर्गा भगवती गाउँपालिकाको आर्थिक ऐन, २०८२"** रहेको छ ।

(२) यो ऐन २०८२ साल श्रावण १ गते देखि दुर्गा भगवती गाउँपालिकाको भौगोलिक क्षेत्रमा लागू हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "ऐन" भन्नाले दुर्गा भगवती गाउँपालिकाको आर्थिक ऐन, २०८२ सम्झनुपर्छ ।

(ख) "कार्यपालिका" भन्नाले दुर्गा भगवती गाउँ कार्यपालिका सम्झनुपर्छ ।

(ग) "गाउँपालिका" भन्नाले दुर्गा भगवती गाउँपालिका सम्झनुपर्छ ।

(घ) "फर्म" भन्नाले प्रचलित कानूनबमोजिम दर्ता भएको वा नभएको जुन सुकै फर्म सम्झनुपर्छ ।

(ङ) "व्यक्ति" भन्नाले यस ऐन बमोजिम कर तिर्नुपर्ने दायीत्व भएको जुनसुकै व्यक्ति सम्झनुपर्छ ।

(च) "सभा" भन्नाले दुर्गा भगवती गाउँपालिकाको गाउँ सभा सम्झनुपर्छ ।

(छ) "संविधान" भन्नाले नेपालको संविधानलाई सम्झनुपर्छ ।

३. **सम्पत्ति कर :** गाउँपालिकाको क्षेत्रभित्रको घर र घरले चर्चेको घरजग्गामा **अनुसुची-१** बमोजिम सम्पत्ति कर लगाइने र असुल उपर गरिनेछ ।

४. **भूमिकर (मालपोत) :** गाउँपालिकाको क्षेत्रभित्र दफा ३ बमोजिम बाहेकको अन्य जग्गामा **अनुसूचि-२** बमोजिमको भूमिकर (मालपोत) असूल उपर गरिनेछ ।

५. **घर जग्गा बहाल कर :** गाउँपालिकाको क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले वहालमा दिएकोमा **अनुसुची-३** बमोजिम घरजग्गा बहाल कर लगाइने र असुल उपर गरिनेछ ।

६. **व्यवसाय कर** : गाउँपालिकाको क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजिगत लगानी र आर्थिक कारोवारका आधारमा **अनुसुची-४** बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ ।

७. **बहाल बिटौरी शुल्क :** गाउँपालिकाको क्षेत्रभित्र आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेका **अनुसुची-५** उल्लेखित हाटबजार वा पसलमा सोही अनुसूचिमा भएको व्यवस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असुल उपर गरिनेछ ।

८. **पार्किङ शुल्क :** गाउँपालिकाको आफ्नो क्षेत्रभित्र कुनै सवारीलाई पार्किङ सेवा उपलब्ध गराएवापत **अनुसूचि-६** पार्किङ शुल्क असूल उपर गरिनेछ ।

९. **जडीबुटी, कबाडी र जीवजन्तु कर :** गाउँपालिकाको क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले जडीबुटी, कबाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता वस्तुको व्यवसायीक कारोवार गरेवापत **अनुसुची-७** बमोजिम कर लगाइने र असुल उपर गरिनेछ ।

१०. **सवारी साधन कर :** गाउँपालिकाको क्षेत्रभित्र सञ्चालन भएका सवारी साधनमा **अनुसुची-८** बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ ।

तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएकोमा सोही बमोजिमहुनेछ ।

११. **विज्ञापन कर :** गाउँपालिकाको क्षेत्रभित्र हुने विज्ञापनमा **अनुसुची-९** बमोजिम विज्ञापन कर लगाइने र असुल उपर गरिनेछ ।

१२. **सेवाशुल्क, दस्तुर** : गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेको **अनुसूचि-१०** बमोजिम शुल्क लगाइने र असुल उपर गरिनेछ ।

१३. **प्राकृतिक स्रोत साधनको बिक्रीको न्यूनतम दर :** दुर्गा भगवती गाउँपालिकाले आफ्नो भौगोलिक क्षेत्रभित्र रहेका नदी, खोला, बगर, सार्वजनिक जग्गा, ऐलानी जग्गाको प्राकृतिक सम्पदाबाट उपलब्ध हुने ढुङ्गा, गिटी, बालुवा, माटोजन्य वस्तु र काठ दाउरामा **अनुसुची-११** बमोजिमको न्यूनतम दररेट कायम गरी प्रचलित कानूनबमोजिम विक्री गर्न सक्नेछ ।

१४. **कर छुट नहुने :** यस ऐन बमोजिम कर तिर्ने दायीत्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट हुने छैन ।

१५. **कर तथा शुल्क सङ्कलन सम्बन्धि कार्यविधि :** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क सङ्कलन सम्बन्धी कार्यविधि गाउँपालिकाले तोके अनुसार हुनेछ ।

१६. **अन्य व्यवस्था** : गाउँपालिकाले विषयगत शाखा, वडा लगायत कार्यालयबाट सेवा प्रवाह गर्दा सेवाग्राहीले बुझाउनु पर्ने कर, शुल्क, दस्तुर वा जरिवानालाई सेवासँग आवद्ध गरी असुल उपर गर्नु पर्नेछ । तर नागरिकता सिफारिस व्यतिगत घटना दर्ता जस्ता कार्यलाइ शुल्क रहित सेवा प्रवाह गर्न बाधा पर्ने छैन ।

१७. **ऐन बमोजिम भए गरेको मानिने** : यो ऐन जारी हुनु भन्दा अघि भए गरेका कार्य यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

१८. **नियम, कार्यविधि बनाउन सक्ने** : गाउँपालिकाले यस विधेकमा भएका व्यवस्थालाइ कार्यान्वयन गर्न अवश्यक नियमावली बनाइ लागु गर्न सक्नेछ ।

१९. **प्रचलित कानुन बमोजिम हुने :** यस ऐनमा उल्लेखित व्यवस्था यसै ऐन बमेजिम र उल्लेख नभएकाको हकमा प्रचलित नेपाल कानुन बमोजिम हुनेछ ।

गाउँ कार्यपालिकाको कार्यालय

## अनुसूची-१

(दफा ३ सँग सम्बन्धित)

आ.व. २०८२/०८३ मा लागु हुने सम्पति करको दर

| क.सं | कर योग्य सम्पतिको मुल्य | दर (वार्षिक) रु. |
|---|---|---|
| १. | रु. एक करोड सम्म सम्पत्तिमा | कर छुट गरिएकोछ |
| २. | १ करोड देखि २ करोड सम्मको घर जग्गामा | १५,००० |
| ३. | २ करोड देखि ५ करोड सम्म | ३०,००० |
| ४. | ५ करोडभन्दा माथी | ५०,००० |

**द्रष्टव्य :** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउने सम्पति करको मूल्यनिर्धारण गर्दा चालु आर्थिक वर्षमा मालपोत कार्यालय गौरले लिखत (रजिष्ट्रेशन) पारितको लागि कायम गरेको मूल्यलाई नै आधार मानि सम्पति कर असुल गरिनेछ ।

गाउँ कार्यपालिकाको कार्यालय

## नुसूची-२

(दफा ४ सँग सम्बन्धित)

आ.व. २०८२/०८३ मा लागु हुने भूमिकर (मालपोत)

**भूमिकर (मालपोत) :**

(क) **आवास प्रयोजन घडेरीहरु**

बजार क्षेत्र प्रतिकट्ठा रु. ६०।००

ग्रामीण क्षेत्र प्रतिकट्ठा रु. ३०।००

**(ख) बजार क्षेत्रका खेतियोग्य जमिनहरु :**

| ईकाई | रु. |
|---|---|
| डेढ विगाहा सम्मको प्रति कट्ठा | १५।०० |
| डेढ विगाहा माथि ३ विगाहा सम्म प्रति कट्ठा | २५।०० |
| ३ विगाहा माथि प्रति कट्ठा | ३५।०० |

(ग) **ग्रामीण क्षेत्रका क्षेत्रका खेतियोग्य जमिनहरु**

| ईकाई | रु |
|---|---|
| प्रति कठ्ठा | १०।०० |
| बागमती तटबन्धको आसपास रहेको जग्गामा प्रति कठ्ठा | १।०० |
| २०५८ साल देखि २०७२ साल सम्मको मालपोत तिर्न बाँकीको लागि प्रति कट्ठा | १०।०० |

## अनुसूची-३

(दफा ५ सँग सम्बन्धित)

आ.व. २०८२/०८३ मा लागु हुने घरबहाल करको दर

कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले वहालमा दिएकोमा

**क) बहाल कर :**

| सि.नं. | विवरण | रकम |
|---|---|---|
| १ | लिने दिने बीचको सम्झौता बमोजिमको बहाल रकमको | १०% |

# अनुसूची-४

(दफा ६ सँग सम्बन्धित)

आ.व. २०८१/०८२ मा लागु हुने व्यवसाय करको दर

**व्यवसाय कर :**

| सि.नं. | विवरण | प्रस्तावित करका दरहरु (रु.) |
|---|---|---|
| | व्यापारीक बस्तु | |
| १ | **मदिरा पसल** | |
| | रक्सी, वियरको पसल | १५००/०० |
| २ | **सुर्ती जन्य (धूम्रपान पसल)** | |
| | चुरोट, विडी, सूर्तीजन्य पदार्थको पसल | १०००/०० |
| ३ | **हल्का पेय पदार्थ पसल** | |
| | हल्का पेय पदार्थको डिलर | १०००/०० |
| | हल्का पेय पदार्थको खुद्रा पसल | ५००/०० |
| ४ | **सून चांदी पसल** | |
| | सुन चांदी पसल | १५००/०० |
| ५ | **औषधी व्यवसाय** | |
| | फार्मेसी तथा औषधी पसल | १५००/०० |
| ६ | **आयुर्वेदिक औषधी पसल** | |
| | हर्वल उत्पादन तथा आयुर्वेदिक औषधी पसल | ५००/०० |
| | एग्रोभेट पसल | ५००/०० |
| ७ | **स्टेशनरी तथा पुस्तक पसल** | |
| | स्टेशनरी तथा पुस्तक पसल | ५००/०० |
| | छपाई सामाग्री खरिद बिक्री तथा कापी उद्योग | ५००/०० |
| ८ | **कस्मेटिक पसल** | |
| | कस्मेटिक पसल | ५००/०० |
| ९ | **मोटर पार्ट तथा बोडी विल्डर्स सामान विक्री** | |
| | बोडी विल्डर्स सामान विक्री केन्द्र | १०००/०० |
| १० | **लुब्रिकेसन सेक्सन तर्फ (आयल निगम)** | |
| | लुब्रिकेसन पसल | १०००/०० |
| ११ | **प्लाई तथा ग्लास हाउस** | |
| | प्लाई तथा ग्लास हाउस पसल | १०००/०० |
| १२ | **कपडा तथा फेन्सी पसल** | |
| | कपडा,फेन्सी तथा व्याग पसल | १०००/०० |
| १३ | **धागो टांक फस्नर थोक पसल** | |
| | धागो, टांक, फस्नर पसल | ५००/०० |
| १४ | **इलेक्ट्रोनिक विक्री पसल** | |
| | रेडियो,घडी,क्याल्कुलेटर बिकी तथा मर्मत | ५००/०० |
| | अडियो, भिडियो क्यासेट तथा मोवाईल बिकी र मर्मत | ५००/०० |
| १५ | **विद्युत सामाग्री पसल** | |

| सि.नं. | विवरण | प्रस्तावित करका दरहरु (रु.) |
|---|---|---|
| | विद्यूत तथा विद्युतीय सामाग्री बिकी वितरण र मर्मत सम्भार पसल | ५००/०० |
| १६ | **हार्ड वयर/मेशिनरी/पेन्ट/सेनेटरी तथा मार्बल पसल** | १५००/०० |
| १७ | **पेट्रोलियम पदार्थ** | |
| | पेट्रोलियम पदार्थ २ वटा पम्प भएको | २०००/०० |
| | पेट्रोलियम पदार्थ १ मात्र पम्प भएको | १०००/०० |
| | ग्यांस सिलिण्डर डिलर सव डिलर | ५००/०० |
| १८ | **स्टील, आल्मुनियमको पसल** | |
| | स्टील, आल्मुनियमको पसल | ५००/०० |
| १९ | **फर्निचर्स पसल** | |
| | फ्लोरिङ तथा फर्निचर्स पसल | १०००/०० |
| २० | **खाद्यान्न तथा किराना पसल** | |
| | खाद्यान तथा किराना पसल | १०००/०० |
| | आलु, प्याज, लसुन, अदूवा पसल | ५००/०० |
| २१ | **फलफुल पसल** | |
| | फलफुल पसल | २००/०० |
| २२ | **सागसब्जी पसल** | |
| | सागसब्जी पसल | १००/०० |
| २३ | **कपडा पसल** | |
| | कपडा पसल | १०००.०० |
| **बिशेषज्ञ परामर्श तथा अन्य व्यवसायिक सेवा** | | |
| २४ | **चिकित्सक** | |
| | निजी सेवा संचालन गर्ने मेडिकल अफिसर | १०००/०० |
| | कबिराज र स्वास्थ्य कर्मी(क्लीनीक) तथा डेन्टल सेवा | ५००/०० |
| २५ | **अनुसन्धानकर्ता तथा सेवा परामर्श दाता** | |
| | पशू चिकित्सक/औषधी पसल | ५००/०० |
| **निर्माण व्यवसाय** | | |
| | निर्माण व्यवसायी | २०००/०० |
| २६ | **चप्पल उद्योग** | |
| | चप्पल विक्रि पसल | ५००/०० |
| २७ | **ग्रील उद्योग** | |
| | स्टील,आल्मूनियम र फलाम ग्रील उद्योग | १०००/०० |
| २८ | **जूत्ता उद्योग तता विक्रि पसल** | |
| | जुत्ता बिक्री तथा मर्मत गर्ने | ५००/०० |
| २९ | **पशुपालन तथा पशु आहार उद्योग** | |
| | पशु आहर बिक्री केन्द्र | ५००/०० |
| | पशु पंछी पालन फाराम | ३००/०० |
| ३० | **घरेलु उद्योग(अगरबती, मैनवती, टिकी तथा अचार र अन्य)** | २०००/०० |
| ३१ | **भांडा तथा बाकस उद्योग** | २०००/०० |
| ३२ | **कूटानी, पेलानी मिल तथा लघु** | |

| सि.नं. | विवरण | प्रस्तावित करका दरहरु (रु.) |
|---|---|---|
| | फलावर/राइस/चिउरा/भुजा मिल | २५००/०० |
| | कूटानी, पेलानी मिल (हलर समेत), चिउरा मिल र मसला उद्योग | १०००/०० |
| ३३ | **डेरी उद्योग** | |
| | डेरी उद्योग तथा विक्रि पसल | ५००/०० |
| ३४ | **उपभोग्य बस्तु उत्पादन उद्योग** | |
| | कुकिज/पाउरोटी/नुडल्स/दालमोठ/बिस्कुट | १०००/०० |
| ३५ | **कृषि तथा बनजन्य उद्योग** | |
| | कृषि कृषक समूह दर्ता | १०००/०० |
| | कृषि कृषक समूह नविकरण | ५००/०० |
| | कृषि तथा पशुपंछि फर्म | ३०००/०० |
| | प्लाइउड उद्योग | १५०००/०० |
| | समिल उद्योग | ५०००/०० |
| | काठ विक्री डिपो | ४०००/०० |
| | काठको फर्निचर उद्योग | २०००/०० |
| ३६ | **खनिज उद्योग** (कंक्रिट उद्योग) | |
| | कंक्रिट ब्लक/सेनेटरी उद्योग तथा व्यवसाय | ३०००/०० |
| | क्रेसर उद्योग | १५,०००/०० |
| | ईटा उद्योग | १०,०००/०० |
| ३७ | **पर्यटन उद्योग** (होटल लज एण्ड रेष्टुरेण्ट) | |
| | होटल लज एण्ड रेष्टुरेण्ट | ५०००/०० |
| | फास्टफुट तथा क्याफे | २०००/०० |
| | होटल,भोजनालय | १०००/०० |
| ३८ | **मिष्ठान/क्याटरिङ्ग पसल** | |
| | क्याटरिङ्ग | १०००/०० |
| | मिठाई, चिया तथा कफि पसल | ५००/०० |
| ३९ | **टेण्ट हाउस** | |
| | विजुली डेकोरेशन/बैण्ड बाजा सहितको टेण्ट हाउस | २०००/०० |
| | विजुली डेकोरेशन सहितको टेण्ट हाउस | १५००/०० |
| | विजुली डेकोरेशन रहितको टेण्ट हाउस | १०००/०० |
| | टेण्ड हाउस | ५००/०० |
| | **सेवा उद्योग** | |
| ४० | **छापाखाना** | |
| | अफसेट, स्किन प्रिन्ट, लेटर प्रिन्ट प्रेस | १०००/०० |
| ४१ | **कलरल्याव सेवा** | |
| | कलरल्याव सेवा/ भिडियो मिक्सिङ/ फोटोकपी सेवा | ५००/०० |
| ४२ | **संचार सेवा** | |
| | एफ.एम.प्रशारण सेवा | २५००/०० |
| | पत्रपत्रिका प्रकाशन सेवा | २५००/०० |
| | केबल व्यवसाय वार्षिक | ५०००।- |

| सि.नं. | विवरण | प्रस्तावित करका दरहरु (रु.) |
|---|---|---|
| ४३ | **कम्यूनिकेशन सेवा** | |
| | फोटोकपि/पी.सी.ओ.साइवर क्याफे सेवा | १५००/०० |
| | कूरियर सेवाको कार्यालय | १०००/०० |
| ४४ | **बित्तीय सेवा** | |
| | वाणिज्य वैंक प्रति शाखा कार्यालय | १००००/०० |
| | विकास वैंकप्रति शाखा कार्यालय | १००००/०० |
| | फाइनान्स कम्पनी प्रति शाखा कार्यालय | ७०००/०० |
| | लघूवित्त कम्पनीहरु | ५०००/०० |
| | विमा कम्पनीहरु | ५०००/०० |
| | रेमिटान्स तथा मनी एक्सचेन्जर/ मनी ट्रान्सफर | ३०००/०० |
| | वित्तीय (ऋण तथा बचत) सहकारी संस्था | ५०००/०० |
| | अन्य सहकारी संस्था | २०००/०० |
| | **स्वास्थ सेवा** | |
| ४५ | **स्वास्थ्य सेवा व्यवसाय** | |
| | निजी अस्पताल | |
| | नर्सिङ्गहोम | ३५००/०० |
| | एम.आर.आइ., सि.टि.स्क्यान, अल्ट्रा साउण्ड क्लिनिक | २५००/०० |
| | पोली क्लिनिक | २०००/०० |
| | प्याथोलोजी ल्याब | २०००/०० |
| | अक्यूपन्चर,फिजियो थेरापी, स्वास्थ्य क्लिनिक | १५००/०० |
| | एक्सरे क्लिनिक | १५००/०० |
| | चश्मा पसल | १५००/०० |
| | आयूर्वेद उपाचार तथा प्राकृतिक चिकित्सा क्लिनिक | १५००/०० |
| | **शिक्षा सेवा** | |
| ४६ | **निजी शिक्षालय** | |
| | माध्यमिक विद्यालय | २०००/०० |
| | निम्न माध्यमिक/आधारभुत विद्यालय | १५००/०० |
| | प्राथमिक विद्यालय / मन्टेश्वरी तथा शिशु स्याहर केन्द्र | १०००/०० |
| | छात्र / छात्रावास | १५००/०० |
| ४७ | **इन्स्टिच्युट,तालिम तथा अनुसन्धान केन्द्र** | |
| | भाषा शिक्षा इन्स्टिच्यूट,कोचिङ्ग सेन्टर | ५००/०० |
| ४८ | **अन्तराष्ट्रिय गैर सरकारी संस्था, सहकारी तथा संध संस्थाहरु** | |
| | सहकारी दर्ता वापत | ५०००/०० |
| | सहकारी नविकरण | २०००/०० |
| | संघ संस्था दर्ता | ३०००/०० |
| | संघ संस्था नविकरण | १५००/०० |
| | अन्तराष्ट्रिय संस्था (ब्यवसायिक कारोबार गर्ने) | ३०००/०० |
| | राष्ट्रिय संस्था | २५००/०० |
| | समुह दर्ता | ५००/०० |
| | **मर्मत तथा संभार सेवा** | |

| सि.नं. | विवरण | प्रस्तावित करका दरहरु (रु.) |
|---|---|---|
| ४९ | **लेथ सेक्सन तर्फ** | |
| | लेथ सेक्सन | १०००/०० |
| ५० | **टायर सेक्सन तर्फ** | |
| | टायर **सेक्सन** | १०००/०० |
| | टायर पन्चर मर्मत | ५००/०० |
| ५१ | **ईन्जिन मर्मत सेक्सन तर्फ** | |
| | ईन्जिन मर्मत | १०००/०० |
| ५२ | **पेन्टिङ्ग/डेन्टिङ्ग/वेल्डिंग सेक्सन तर्फ** | |
| | वेल्डिङ्ग सेवा | ५००/०० |
| ५३ | **पम्प सेक्सन मर्मत तर्फ** | ५००/०० |
| ५४ | **व्याट्री/इलेक्ट्रिक सेक्सन तर्फ** | ५००/०० |
| ५५ | **वासिङ्ग सेक्सन तर्फ** | २००/०० |
| ५६ | **रिक्सा, साइकिल** | |
| | रिक्सा, साइकिल मर्मत तथा पार्टस बिक्री पसल | ५००/०० |
| ५७ | **अटो सम्बन्धी अन्य सेवा** | |
| | मोटर साइकल/कमानी पट्टा/रेडियटर/सिट मेकिंग तथा ग्रिसिंग सेवा/हेड मर्मत | १०००/०० |
| ५८ | **अन्य मर्मत सेवा** | |
| | टि.भी.,डेक,फ्रिज,कम्प्यूटर, मर्मत पसल | |
| | मोर्वाइल मर्मत पसल | |
| | रेडियो, घडी मर्मत पसल | |
| | अन्य मर्मत पसल | ५००/०० |
| ५९ | **हेभिइक्यूवमेन्ट तथा कवाडी पसल** | |
| | कवाडी खरिद बिक्री | १०००/०० |
| | **अन्य सेवा** | |
| ६० | **ड्राइक्लिनिक,सैलून तथा ब्यूटीपार्लर** | |
| | सैलुन / ब्यूटी पार्लर सेवा ब्यूटिशियन तालिम सहितको | ५००/०० |
| ६१ | **साईन वोर्ड आर्ट व्यवसाय** | |
| | आर्ट व्यवसाय | ५००/०० |
| ६२ | **पशुबधशला** | |
| | पशुबधशला | १०००/०० |
| ६३ | **माछा, मासू विक्री पसल** | |
| | प्याकिङ माछा,मासु सप्लायर्स | |
| | माछा,मासु मध्ये कम्तिमा ३ वटा सेवा एकै ठाउंमा भएको | |
| | माछा,मासु मध्ये कम्तिमा २ वटा सेवा एकै ठाउंमा भएको | |
| | कुनै एक प्रकारको मासु बिक्री पसल | |
| | ताजा माछा, सिद्रा विक्री पसल | |
| | अण्डा विक्री पसल | ५००/०० |
| ६४ | **फूल बिरुवा विक्री पसल** | |
| | नर्सरी र फूल विक्री पसल | ५००/०० |
| ६५ | **भांडा पसल, किचन सामाग्री** | |

| सि.नं. | विवरण | प्रस्तावित करका दरहरु (रु.) |
|---|---|---|
| | साधारण भांडा तथा किचन सामाग्री पसल | १०००/०० |
| ६६ | **खेलौना ,गिफ्ट तथा फोटो प्रेम पसल** | |
| | खेलौना/ फोटो फ्रेम तथा गिफ्ट पसल | ५००/०० |
| ६७ | **सिलाई मेसिन मर्मत तथा सिलाई पसल** | |
| | सिलाई मेसिन मर्मत तथा बुटिक ल्याब्रटोरी पसल | ३००/०० |
| ६८ | **घूम्ति हाटवजारमा ब्यावसाय गर्न तथा माथि उल्लेख नभएका ब्यसायिको हकमा** | |
| | फेन्सी तथा कपडा पसल | |
| | किराना बिसाता एवं भाडा पसल | |
| | अन्य प्रकृतीका / तथा साना व्यवसायहरु | ३००/०० |
| ६९ | **माथी उल्लेख नभएका उद्योगहरुको हकमा** | |
| | ठूला उद्योग | ५०००/०० |
| | मझौला उद्योग | ३०००/०० |
| | साना उद्योग , घरेलु | २०००/०० |
| ७० | **माथी उल्लेख नभएका अन्य पेशा ब्यवसाय** | |
| | डिस्ट्रीबयुटर्स/थोक पसल | १५००/०० |
| | खुद्रा पसल श्रेणी क | १०००/०० |
| | खुद्रा पसल श्रेणी ख | ५००/०० |
| | खुद्रा पसल श्रेणी ग | ३००/०० |
| | सेवा प्रदायक अन्य ब्यवसाय | १०००/०० |

***द्रष्टव्य :***

१. पूँजी लगानीको आधारमा रु.३ लाख सम्मको व्यवसायलाई "ग"वर्ग, १० लाख सम्मलाई "ख" वर्ग र सोभन्दा माथिलाई "क" वर्ग मानिनेछ ।

२. दर्ता, नविकरण दस्तुर उल्लेख नभएका नगरपालिका क्षेत्रभित्र संचालित वा संचालन गरिने उल्लेखित व्यवसायहरु नगरपालिकामा दर्ता र नवीकरण गरेर मात्र संचालन गर्न सकिनेछ । यस आ.व. मा उल्लेखित कर बाहेक "क" वर्गको व्यवसाय दर्ता र नविकरण रु.२०००।, "ख" वर्गको कोलागि दर्ता र नविकरण रु. १०००। र "ग" वर्गको व्यवसाय दर्ताको लागि दर्ता र नविकरण रु. ५००।

२. माथि उल्लेखित बाहेक अन्य व्यवसायहरुलाई व्यवसायको प्रकृति हेरी रु.१००।- देखी ५०००।- सम्म दर्ता शुल्क र व्यवसाय कर लिने ।

३. व्यवसाय प्रत्येक वर्ष तोकिए बमोजिम व्यवसाय कर तिरी नवीकरण दस्तुर तिरेर नविकरण गर्नु पर्नेछ ।

**पुनश्च** :यसमा उल्लेखित व्यवसाय वाहेक गाउँपालिकामा व्यवसायी र उद्योगीको सहमति अनुसार तिर्ने भनि व्यवस्था गरिएको रकममा नघटने गरी कर अशुली गरिने व्यवस्था कायम गरीने छ । वातावरण प्रदुशण कायम गर्ने उद्योगहरुको हकमा उद्योगसंग आपसी सहमतिमा निश्चीत रकम पर्यावरण शुल्क वापत अशुल गरिने छ ।

# अनुसूची-५

(दफा ७ सँग सम्बन्धित)

आ.व. २०८२/०८३ मा लागु हुने बहाल विटौरी शुल्कको दर

**बहाल विटौरी कर :**

**(गाउँपालिकाले आफ्नो क्षेत्रभित्र आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट बजार, वा पसल वा सरकारी जग्गामा बनेका संरचना उपयोग गरेवापत निम्नानुसारको शुल्क लाग्ने छ।)**

**क) सार्वजनिक, ऐलानी जग्गा र सरकारी संरचना उपयोग :**

| सि.नं. | विवरण | मासिक | वार्षिक रकम रु. |
|---|---|---|---|
| १ | सरकारी संरचना, सार्वजनिक, ऐलानी तथा दर्ता छुट जग्गामा व्यापार व्यवसायको लागी प्रति स्टल/कोठा/ठेला गाडी | ५००।०० | ५०००।०० |
| २ | अस्थायी आवास प्रयोजनको लागी प्रति घरधुरी | - | २००।०० |
| ३ | कृषि तथा अन्य प्रयोजनको लागी प्रति कठ्ठा | - | ५०।०० |
| ४ | कृषि तथा अन्य प्रयोजनको लागी बाँकी वडाहरुमा प्रति कठ्ठा | - | २५।०० |

(ख) हाटबजारमा लाग्ने बिटौरी कर :

| सि.नं | पसलको विवरण | दररेट रु. |
|---|---|---|
| १ | किराना पसल,व्लक, छाप्रो, प्रति छाप्रो | ४०।०० |
| २ | कपडा पसल प्रति पसल | ४०।०० |
| ३ | जुत्ता चप्पल प्रति पसल | ४०।०० |
| ४ | रेडिमेड कपडा प्रति पसल | ४०।०० |
| ५ | मसला तेल प्रति पसल | ४०।०० |
| ६ | चामल, चिउरा प्रति पसल | ४०।०० |
| ७ | तरकारी,ढकी तथा छिटि २ भन्दा माथि प्रति पसल | २५।०० |
| ८ | आलु प्याज प्रति पसल | ४०।०० |
| ९ | खुर्सानी अदुवा प्रति पसल | ३०।०० |
| १० | आलु,अलुवा (सखरखण्ड) तरुल, कोवि प्रति टायर | १५०।०० |
| ११ | आलु,अलुवा (सखरखण्ड) तरुल, कोवि प्रति ट्याक्टर | २००।०० |
| १२ | सिलाई दोकान प्रति पसल | १०।०० |
| १३ | प्रति होटल | ४०।०० |
| १४ | कठघेरा भएको जुनसुकै प्रति पसल | ४०।०० |
| १५ | प्रचुन प्रति पसल | ३०।०० |
| १६ | वोका, खसि काटमार प्रति गोटा | २५।०० |
| १७ | कुखुरा किन्ने र विक्रि गर्ने संग प्रति गोटा दुर्वे तर्फवाट रु १० | १०।०० |
| १८ | परेवा जोडी विक्रि गर्ने र खरिद गर्ने दुवै तर्फवाट ५।५ | १०।०० |
| १९ | सुंगुर/वंगुर काटमार प्रति गोटा | २००।०० |
| २० | ठुलो रांगा काटमार प्रति गोटा | १०००।०० |

| सि.नं | पसलको विवरण | दररेट रु. |
|---|---|---|
| १ | किराना पसल,व्लक, छाप्रो, प्रति छाप्रो | ४०।०० |
| २१ | साँनो रांगा काटमार प्रति गोटा | ७००।०० |
| २२ | माछा प्रति पसल | २५।०० |
| २३ | फलामको कृषिजन्य हतियार पसल | ४०।०० |
| २४ | छाप्रोमा माछा मासु नास्ता प्रति पसल | ४०।०० |
| २५ | चुरा प्रति पसल | ३०।०० |
| २६ | सिद्रा सुकेको माछा प्रति पसल | २०।०० |
| २७ | डोको नाम्लो कुचो प्रति पसल | ४०।०० |
| २८ | मुरी कचेरी खाटमा राख्ने प्रति पसल | ३५।०० |
| २९ | माटोको भाडां प्रति पसल | २५।०० |
| ३० | हजाम भूइमा वस्ने प्रति पसल | १५।०० |
| ३१ | होटल प्रति पसल | ४०।०० |
| ३२ | मिठा प्रति पसल | ४०।०० |
| ३३ | घुंगी प्रति पसल | २०।०० |
| ३४ | जादु खेल खेलाउने | ५०।०० |
| ३५ | जुत्ता चप्पल सिलाउने प्रति पसल | २०।०० |
| ३६ | घडी टर्च लाईट विक्रि गर्ने प्रति पसल | ३०।०० |
| ३७ | ठेलामा आईसक्रिम, चिया नास्ता, फलफुल, चना चटपटे वेच्ने प्रति पसल | ३०।०० |
| ३८ | सांध लगाउने प्रति पसल | २०।०० |
| ३९ | सुन चांदी प्रति पसल | ४०।०० |
| ४० | तामा, कागती, निवुवा प्रति पसल | १५।०० |
| ४१ | फोटो फ्रेम प्रति पसल | ३०।०० |
| ४२ | रंग, अविर तथा माला प्रति पसल | ३०।०० |
| ४३ | भांडा वर्तन प्रति पसल | ३०।०० |
| ४४ | धोवि प्रति पसल | ३०।०० |
| ४५ | सुर्ति प्रति पसल | २०।०० |
| ४६ | विउ विजन प्रति पसल | २५।०० |
| ४७ | तरकारी प्रति छिटि २ भन्दा मूनि | १०।०० |
| ४८ | खसी/वोका/बाखा/पाठापाठी/ खरिद विक्रि गर्ने संग प्रति गोटा रु. ३०।०० गरी दुवैको | ६०।०० |
| ४९ | फलफुल तथा तरकारी प्रति भाँगा (५० के.जी. भन्दा माथिको) | ५०।०० |
| ५० | फलफुल तथा तरकारी प्रति क्यारेट/झोला/ छैटी/डोका (५० के.जी. भन्दा मुनीको) | १०।०० |
| ५१ | धर्म काँटा | ५,०००।०० |
| ५२ | माछा प्रति पसल सानो | १५।०० |

## अनुसूची-६

(दफा ८ सँग सम्बन्धित)

आ.व. २०८२/०८३ मा लागु हुने पार्किङ शुल्कको दर

गाउँपालिका क्षेत्रभित्र निश्चित पार्किङ स्थल नभएकोले पार्किङ शुल्क निशुल्क गरिएको छ ।

## अनुसूची-७

(दफा ९ सँग सम्बन्धित)

आ.व. २०८२/०८३ मा लागु हुने जडीबुटी, कबाडी र जीवजन्तु करको दर

| सि.नं. | विवरण | प्रति के.जी (रु. मा) |
|---|---|---|
| १ | जडीबुटी | १०।०० |
| २ | कवाडी मालसामान प्रति ट्रक | २००।०० |

## अनुसूची-८

(दफा १०सँग सम्बन्धित)

आ.व. २०८२/०८३ मा लागु हुने सवारी साधन करको दर

१. गाउँपालिका क्षेत्रभित्र संचालन हुन सवारी साधनको वार्षिक सवारी कर प्रदेश कानुन बमोजिम हुनेछ ।

## अनुसूची-९

(दफा ११सँग सम्बन्धित)

आ.व. २०८२/०८३ मा लागु हुने विज्ञापन करको दर

**विज्ञापन करको दर :**

| सि.नं. | विवरण | प्रति विज्ञापन रकम |
|---|---|---|
| २ | गाउँपलिका क्षेत्रभित्र व्यवसायिक प्रयोजनका लागि सार्वजनिक स्थल, सडक छेउ र नीजि स्थान मा भित्तेलेखन प्रति वर्ग फिट (सूर्तिजन्य तथा मदीरा जन्य) | ५०.०० |
| ३ | गाउँपलिका क्षेत्रभित्र व्यवसायिक प्रयोजनका लागि सार्वजनिक स्थल, सडक छेउ र नीजि स्थान मा राखिएको होर्डिङ बोर्ड प्रति वर्ग फिट | ७५.०० |
| ४ | तुल, व्यानर, गेट आदिमा एक पटकको लागि प्रति वर्ग फिट | ५.०० |
| ५ | तुल, व्यानर, गेट आदिमा (बढीमा एक महिनाको लागि ) प्रतिओटा | ३००.०० |

# अनुसूची-१०

(दफा १२ सँग सम्बन्धित)

आ.व. २०८२/०८३ मा लागु हुने सेवा शुल्क तथा दस्तुरको दर

## १. सेवा शुल्क :

### १.१. अचल सम्पति मूल्याँकन तथा आयश्रोत प्रमाणित :-

| सि.नं | विवरण | **रकम** |
|---|---|---|
| १ | प्रति लाख | रु.२०।०० |

### १.२ सार्वजनिक सेवा उपयोग शुल्क (प्रति पटक)

सार्वजनिक शौचालय

| **सि.नं.** | **विवरण** | **रकम** |
|---|---|---|
| १ | पिसाब गर्दा प्रति व्यक्ति | ५।०० |
| २ | दिशा गर्दा प्रति व्यक्ति | १०।०० |
| ३ | नुहाउंदा प्रति व्यक्ति | १५।०० |

## २. भवन निर्माण (नक्शा पास) दस्तुर

### २.१ पुराना भवन एवं संरचना अभिलेखीकरण प्रयोजनको लागि

| **सि.नं** | **भवनको प्रकार** | **वेसमेन्ट तल्ला** | **भूईतल्ला ( प्रति वर्ग फिट रु. )** | **पहिलो तल्ला ( प्रति वर्ग फिट रु. )** | **दोस्रो तल्ला ( प्रति वर्ग फिट रु. )** | **तेस्रो तल्ला र सो भन्दा माथि - प्रति वर्ग फिट रु. )** |
|---|---|---|---|---|---|---|
| १ | आर .सि.सि.पिल्लर भएको | ०।५० | १।०० | १।५० | २।०० | २।५० |
| २ | ढुंगा वा इटा वा ब्लकमा सिमेन्ट वालुवाको गारो - आर.सि.सि.को छानो भएको ) | - | १।०० | २।०० | ३।०० | - |
| ३ | सिमेन्टको जोडाईमा ढुंगा वा इटा वा ब्लकको गारो -जस्ता वा टायलको छानो भएको ) | - | ०।७५ | १।५० | - | - |
| ४ | पटाहाको घेराबेरा लगाएतका कच्ची भवन | - | ०।५० | १।०० | - | - |
| सि.नं. | कम्पाउन्डवालको प्रकार | | | प्रति रनिङ फिट रु. | | |
| १ | सिमेन्ट जोडाईको कम्पाउन्डवाल | | | | | २।०० |
| २ | माटो जोडाईको कम्पाउन्डवाल | | | | | १।०० |
| ३ | तारवारको कम्पाउन्ड वाल(एकमुष्ठ) | | | ५०।०० | | |

### २.२ नयाँ भवन एवं संरचना निर्माण प्रयोजनका लागि

| सि.नं | भवनको प्रकार | गाउँपालिकाको मुख्य सडकको दायाँवायाँ वन्ने घर दर प्रति बर्ग फुट ( रु.मा) | गाउँपालिकाको शाखा सडकको दायाँवायाँ वन्ने घर दर प्रति बर्ग फुट ( रु.मा) | अन्य भित्रि सडकको दायाँवायाँ वन्ने घर दर प्रति बर्ग फुट ( रु.मा) |
|---|---|---|---|---|
| १ | आर .सि.सि.पिल्लर भएको | | | |
| १.१ | वेसमेन्ट तल्ला | ३।५० | ३।०० | २।०० |

| | | | | |
|---|---|---|---|---|
| १.२ | भूईतल्ला | ४।५० | ४।०० | ३।०० |
| १.३ | पहिलो तल्ला | ५।५० | ५।०० | ४।०० |
| १.४ | दोस्रो तल्ला | ६।५० | ६।०० | ५।०० |
| १.५ | तेस्रो तल्ला र सो भन्दा माथि | ७।५० | ७।०० | ६।०० |
| २ | ढुंगा वा इटा वा ब्लकमा सिमेन्ट वालुवाको गारो (आर.सि.सि.को छानो भएको ) | | | |
| २.१ | भूईतल्ला | २।०० | १।७५ | १।५० |
| २.२ | पहिलो तल्ला | ३।०० | २।५० | २।०० |
| २.३ | दोस्रो तल्ला | | | |
| ३ | सिमेन्टको जोडाईमा ढुंगा वा इटा वा ब्लकको गारो -जस्ता वा टायलको छानो भएको ) | | | |
| ३.१ | भूईतल्ला | २।०० | १।७५ | १।५० |
| ३.२ | पहिलो तल्ला | ३।०० | २।५० | २।०० |
| ४ | पटाहाको घेराबेरा लगाएतका कच्ची भवन | | | |
| ४.१ | भूईतल्ला | १।०० | १।०० | १।०० |
| ४.२ | पहिलो तल्ला | १।५० | १।५० | १।५० |
| सि.नं. | कम्पाउन्डवालको प्रकार | | | |
| १ | सिमेन्ट जोडाईको कम्पाउन्डवाल | ३।०० | ३।०० | ३।०० |
| २ | माटो जोडाईको कम्पाउन्डवाल | १।०० | १।०० | १।०० |
| ३ | तारवारको कम्पाउन्ड वाल (एकमुष्ठ) | ५०।०० | ५०।०० | ५०।०० |

नोटः व्यवशायिक भवनमा मापदण्ड र नियमानुसार सो ५० प्रतिशत थप दस्तुर समेत लाग्ने छ ।

**३.दण्ड जरिवाना**

(क) नयाँ निर्माण अनुमती विना वनाएको हकमा ।

| सि.नं. | विवरण | रकम |
|---|---|---|
| १ | जगको कार्य सम्पन्न | नक्सापास दस्तुरको २५% |
| २ | डि.पि.सि.को कार्य सम्पन्न | नक्सापास दस्तुरको ३५% |
| ३ | गाह्रो लगाउने कार्य सम्पन्न | नक्सापास दस्तुरको ५०% |
| ४ | ढलानको कार्य सम्पन्न | नक्सापास दस्तुरको ७५% |
| ५ | निर्माण कार्य सम्पन्न | नक्सापास दस्तुरको १००% |

नोट :- उल्लेखित जरिवाना निर्माण भएको तल्लाको आधारमा लिईनु पर्नेछ ।

(ख) तल्ला थपमा

| सि.नं. | विवरण | रकम |
|---|---|---|
| १ | गाह्रो लगाउने कार्य सम्पन्न | नक्सापास दस्तुरको ५०% |
| २ | ढलानको कार्य सम्पन्न | नक्सापास दस्तुरको ७५% |
| ३ | निर्माणको कार्य सम्पन्न | नक्सापास दस्तुरको १००% |

नोट :- उल्लेखित जरिवाना निर्माण भएको तल्लाको आधारमा लिईनु पर्नेछ ।

(ग) मालपोतको हकमा

| सि.नं. | विवरण | रकम |
|---|---|---|
| १ | मलपोतको हकमा राजस्व तिरेको १ साल पछिबाट | प्रत्येक वर्ष २०% का दरले र त्यसमा हरेक वर्ष ५% थप गरी दस्तुर लिने । |

## ४ सिफारिश तथा अन्य सेवा शुल्कको दर :

| सि.नं. | विवरण | रकम |
|---|---|---|
| १ | नेपाली नागरिकता सिफारिस | |
| | क) वंशज | ५०।- |
| | ख) वैवाहिक अंगिकृत | ७५।- |
| | ग) प्रतिलिपि | २५।- |
| २ | लेनदेन तमसुक प्रमाणित (लिनेबाट रु १०० र दिनेबाट रु.१००) | २००।- |
| ३ | नाता प्रमाणित सिफारिश | १००।- |
| | क) नेपालीमा (मृतक संग) | ५०।- |
| | ख) नेपालीमा (अन्य संग) | ५०।- |
| | ग) अग्रेजीमा | ५०।- |
| ४ | नाम थर संशोधन सिफारिस | ७५।- |
| ५ | विधुत/धाराको सिफारिश | ५०।- |
| | क) घरायसी/कृषि | ५०।- |
| | ख) व्यापारिक | ३००।०० |
| | ग) साना औद्योगिक | २,०००।०० |
| | घ) ठुलो औद्योगिक | ५,०००।०० |
| ६ | विधुत/धारा नामसारी सिफारिस | ००।०० |
| ७ | आय श्रोत सिफारिश | २००।०० |
| ८ | बसोबास प्रमाणित सिफारिश | १००।- |
| | क) वैदेशिक प्रयोजन | २००।०० |
| | ख) स्वदेशी प्रयोजन | १००।०० |
| ९ | जन्म मिति प्रमाणित सिफारिस | १००।०० |
| | अग्रेजीमा | १००।०० |
| | नेपालीमा | १००।०० |
| १० | जग्गा धनी दर्ता प्रमाण पूर्जाको प्रतिलिपि सिफारिस दस्तुर | १००।०० |
| ११ | घर निर्माण सम्पन्न सिफारिस प्रति तल्ला | २००।०० |
| १२ | घर नक्सा पास नामसारी | |
| | क) कच्ची घर | ३००।०० |
| | ख) १ तल्ले सम्मको पक्की घर | १,०००।०० |
| | ग) २ तल्ले सम्मको पक्की घर | २,०००।०० |
| | घ) २ तल्ले भन्दा बढिको पक्की घर | ५,०००।०० |
| | ङ) घर जग्गा नक्सा पास किताब | ५००।०० |
| १३ | घर कायम सिफारिश | |
| | क) पक्की | ३००।०० |
| | ख) कच्ची/साधारण | १००।०० |
| १४ | घर/बाटो प्रमाणित (मालपोत रजिष्ट्रेशन प्रयोजनको लागि ) मालपोत मूल्यांकन वा मालपोत मूल्यांकनमा नघटने गरी स्वघोषणा गरेको मूल्यांकन रकमका | प्रति लाख २०।०० |
| १५ | चारकिल्ला प्रमाणित प्रति कित्ता | १००।०० |
| १६ | घरजग्गा नामसारी सिफारिश | १००।०० |
| १७ | छुट जग्गा नामसारी सिफारिस दस्तूर (प्रति कट्ठा) | २००।०० |
| १८ | छुट तथा आकडा जग्गाको सिफारिश (प्रति कट्ठा) | २००।०० |
| १९ | विटौरी जग्गा नामसारी(मृत्यु भएका कारण नामसारी दा.खा.गर्नु परेमा) | १००।०० |

| | | |
|---|---|---|
| २० | बिटौरी जग्गा नामसारी, राजिनामा, वकसपत्र, अंशवण्डा आदिबाट हक हस्तान्तरण सिफारिश | २००।०० |
| २१ | बिटौरी जग्गा नामसारी(मृत्यु भएका कारण नामसारी दा.खा.गर्नु परेमा) | १००।०० |
| २२ | मोही नामसारी सिफारिश | १००।०० |
| २३ | पक्की घर निर्माणको लागि काठपात ल्याउने सिफारिस(प्रति क्यू.फि.) | १०।०० |
| २४ | कच्चीघर निर्माणको लागि काठपात ल्याउने सिफारिस(प्रति क्यू.फि.) | ७।०० |
| २५ | अंग्रेजी सिफारिस दिनु पर्दा आय श्रोत र अचल सम्पति बाहेकमा | १००।०० |
| २६ | संस्था दर्ता सिफारिस दस्तुर | ५००।०० |
| २७ | नाफामूलक संस्था दर्ता सिफारिस दस्तुर | १,०००।०० |
| २८ | निजी विद्यालय संचालन सिफारिश | ५,०००।०० |
| २९ | निजी विद्यालय कक्षा संचालन तथा स्तरबृद्धिको सिफारिश | ३,०००।०० |
| ३० | दलित जनजाति मधेशी तथा अन्य प्रमाणित सिफारिस | १००।०० |
| ३१ | चारित्रिक सिफारिस दस्तूर न.पा . वाहिर | १००।०० |
| ३२ | चारित्रिक सिफारिस दस्तूर न.पा. भित्र | १००।०० |
| ३३ | भारत जाने सिफारिस | १००।०० |
| ३४ | अन्य मुलुक जाने सिफारिश | १००।०० |
| ३४ | व्यक्ति प्रमाणित | १००।०० |
| ३५ | मृत्यु प्रमाणित सिफारिश(व्यक्तिगत घटना लागुहुन भन्दापूर्वको अवस्थामा ) | १००।०० |
| ३६ | अन्य प्रमाणित सिफारिश (व्यक्तिगत घटना दर्ता कार्यक्रम लागु नहुदैको अवस्थामा) | १००।०० |
| ३७ | विवहा सिफारिश | १००।०० |
| ३८ | वैदेशिक खाता खोल्ने प्रयोजनको लागि सिफारिश | १००।०० |
| ३९ | पेन्सनरहरुको लागि जीवित रहेको भन्ने व्यहोराको सम्पर्क सिफारिश | १००।०० |
| ४० | परिचय सिफारिश | १००।०० |
| ४१ | पेन्सन प्रयोजनको लागि ठेगाना संशोधन सिफारिश | १००।०० |
| ४२ | छात्रवृति सिफारिश | १००।०० |
| ४३ | उपचार सहयोग सिफारिश | १००।०० |
| ४४ | बसाई सराई गरी अन्यत्र सामानहरु लिई जादा सिफारिश माग भई आएमा | १००।०० |
| ४५ | उद्योग स्थापना एवं ठाँउसारी सिफारिश | |
| | ठुला | १०,०००।०० |
| | मझौला | ५,०००।०० |
| | साना | २,०००।०० |
| | घरेलु | ५००।०० |
| ४७ | चारित्रिक सिफारिश | १००।०० |
| ४८ | जग्गा सम्वन्धि अन्य सिफारिश (हकभोक समेत) | १००।०० |
| ४९ | सार्वजनिक यातायातका साधन नचलेको व्यहोराको सिफारिश | १००।०० |
| ५० | दैवी विपत्ति वा भवितव्य परेको सिफारिश | ५०।०० |
| ५१ | हराएको प्रमाण पत्रको प्रतिलिपि सिफारिश | १००।०० |
| ५२ | पेशा व्यवशाय संचालनमा रहेको/वन्द रहेको अवस्थाको सिफारिश | १००।०० |
| ५३ | न.पा.मा कर चुक्ता गरे पछि दिईने कर चुक्ता सिफारिश | १००।०० |
| ५४ | परिवार ल्याएको ।नल्याएको सिफारिश | १००।०० |
| ५५ | विदेशी संग विवहा दर्ता सिफारिश | १५०।०० |
| ५६ | ठेकका पट्टा इजाजत सिफारिस | २०००।०० |
| ५७ | मोवाइल टावर इजाजत सिफारिस | २०००।०० |
| ५८ | पेट्रोल पम्प स्थापना सिफारिस | ५०००।०० |
| ५९ | अपुताली प्रमाणित | |

| | | |
|---|---|---|
| | क) नेपालको लागि | २०००।०० |
| | ख) विदेशको लागि | १,०००।०० |
| ६० | सूचीकरण दस्तुर | १००।०० |
| ६१ | धारा जडान गर्दा न.पा.ले निर्माण गरेका ग्राभेल, कच्ची र पिच सडक कटान गरी लैजानु पर्ने भए लाग्ने दस्तुर रु. १०००।-, ५००।- र २०००।- | |

## ५. सिफारिश तथा अन्य सेवा शुल्कको दर :

| सि.नं. | विवरण | रकम |
|---|---|---|
| १ | निवेदन दस्तुर | १०।०० |
| २ | निवेदन फाराम मूल्य | २०।०० |
| ३ | नागरिकता अनुसूची /प्रतिलिपि फाराम दस्तुर | ५०।०० |
| ४ | व्यवशाय प्रमाणपत्र दस्तुर | ५०।०० |
| ५ | व्यवशाय नामसारी/प्रतिलिपि/साझेदार थप घट | २००।०० |
| ६ | सम्पति कर फाराम दस्तुर | २०।०० |

## ६. सहकारी संस्था, लघु, घरेलु तथा साना उद्योग र संघ संस्था दर्ता तथा नवीकरण शुल्क :

| सि.नं. | विवरण | रकम |
|---|---|---|
| १. | सहकारी संस्था दर्ता | रु. ५०००। |
| २. | सहकारी संस्था नवीकरण | रु. २०००। |
| ३. | लघु उद्योग दर्ता | रु. २,०००। |
| ४. | लघु उद्योग नवीकरण | रु. १०००। |
| ५. | घरेलु उद्योग दर्ता | रु. ५,०००। |
| ६. | घरेलु उद्योग नवीकरण | रु. २,०००। |
| ७. | साना उद्योग दर्ता | रु. ३,०००। |
| ८. | साना उद्योग नवीकरण | रु. २,०००। |
| ९. | संघ संस्था दर्ता | रु. ३,०००। |
| १०. | संघ संस्था नवीकरण | रु. २,०००। |
| ११ | व्यपार व्यवसाय सँग सम्बन्धीत फर्म, किराना पसल, डीलर, डिष्ट्रीब्यूटर, खुद्रा पसल (दुकान) लगायत दर्ता | रु. १,०००। |
| १२ | व्यपार व्यवसाय सँग सम्बन्धीत फर्म, किराना पसल, डीलर, डिष्ट्रीब्यूटर, खुद्रा पसल (दुकान) लगायत नवीकरण | रु. ५००। |
| १३ | अनुमति /इजाजत शुल्क : | |
| | कसर उद्योग | रु. १५,०००। |
| | अन्यको अनुमति | रु. ५,०००। |
| | मझौला उद्योग | रु. ३५,०००। |
| | ठूला उद्योग | रु. ५०,०००। |
| १४ | उद्योग, व्यवसाय बाहेकको काममा अनुमति | रु. १,०००। |

## ७. अन्य सेवा शूल्कको दर :

| सि.न. | सेवाको किसिम | दर |
|---|---|---|
| १ | घर नक्सा पास पुस्तिका | रु.१०००।०० |
| २ | सर्जमिन मुचुल्का | रु.५००।० |
| ३ | सामुदायिक मध्यस्थ सेवा | रु.१००/- |

| | | |
|---|---|---|
| ४ | रकम कलम उठाई दिएवापत प्रति हजार | १०% |
| ५ | सबै खाले निवेदन फारामहरु प्रतिगोटा | रु.२० ।- |
| ६ | मिलापत्र शुल्क (दुवै पक्षसँग आधा आधा) | रु.१०००।-/१०००।- |
| ७ | घर नम्वरिङ्ग प्लेट प्रति गोटा | रु.३०० ।- |
| ८ | न.पा. को श्रोत नक्सा $A_3$साइज प्रति गोटा | रु.५० ।- |
| ९ | विभिन्न नक्सा ठुलो साइजको प्रतिगोटा | रु.२०० ।- |
| १० | विभिन्न नक्सा सानो साइजको प्रतिगोटा | रु.१०० ।- |
| ११ | टोल विकास संस्था दर्ता शुल्क/नविकरण | रु.५०० ।- |
| १२ | व्यवसायिक इजाजत प्रमाण पत्र वापत | रु.१०० ।- |
| १३ | स्थलगत प्राविधिक सेवा शुल्क | रु.१००० ।- |
| १४ | घर खाली गर्ने | रु.१,५००।- |
| १५ | साँधसिमाना छुट्याउने पहिलो कित्ताको लागि | रु.१०००।- |
| १६ | त्यसपछि ५ कठ्ठा सम्म क्षेत्रफल भएको थप प्रतिकित्ता | रु.५००।- |
| १७ | न्यायिक दस्तुर :<br>क) उजुरी दर्ता : रु २००।<br>ख) प्रतिउत्तरपत्र दर्ता रु. १०० | |
| १७. | सङ्घीय कानून र प्रदेश कानुनले स्थानीय तहले लिन सक्ने दस्तुर, सेवाशुल्कको हकमा सोही कानुनमा उल्लेख भएबमोजिम हुनेछ । | |

**८. फोटोकपि/प्रतिलिपि सेवा शुल्क**

| क्र.सं | विवरण | सेवा शुल्क |
|---|---|---|
| १ | कम्प्युटर प्रिन्टबाट प्रतिलिपि दिदा | १०.०० |
| २ | फोटोकपि शुल्क प्रति गोटा | ३.०० |
| ३ | नक्कल प्रमाणित दस्तूर प्रति कपि | ५.०० |

**९. नगर सूचना केन्द्रका सामग्रीको दैनिक भाडादर :**

| सि.नं. | विवरण | सेवा शुल्क |
|---|---|---|
| १ | मल्टीमिडिया प्रोजेक्टर प्रति दिन | ३००.०० |
| २ | कम्प्युटर/साउण्ड सिष्टम प्रति दिन | ७००.०० |
| ३ | ह्वाइट र सफ्ट बोर्ड प्रति सेट | २००.०० |
| ४ | लेबल मेसिन प्रतिदिन | ५००.०० |

**१०. टिपर/भ्याकु लोडर, एम्बुलेन्स र सेफ्टी ट्याङ्की सक्सन मसिन भाडा महशुल दर :**

| सि.नं. | विवरण | प्रति घन्टा | प्रति सिफ्ट | कैफियत |
|---|---|---|---|---|
| १ | व्याक हो लोडर | | | |
| २. | ट्रेक्टर, गेडर,पानी टंकी,सैफटी टयांक | | | १. सेफ्टी ट्याङ्की (पक्की) सफा गरेको प्रति टयाङ्की २,०००।००<br>२. सेफ्टी ट्याङ्की (रीङ्गवाला) सफा गरेको प्रति टयाङ्की ७००।००<br>२. खाली पानि टयाङ्कीको प्रति टयांकी रु.१०००। र ट्रेक्टर ,पानी टयाङ्की चालक सहित इन्धन बाहेक रु.२५००। प्रतिदिन । |

| | | | |
|---|---|---|---|
| ३. | एम्बुलेन्स | | १. प्रसुती सेवाग्राहीको हकमा दुर्गा भगवती गाउँपालिका क्षेत्रभित्र नि:शुल्क<br>२. दुर्गा भगवती गाउँपालिका देखी गौर रु. १,०००।००<br>३. दुर्गा भगवती गाउँपालिका क्षेत्रभित्र देखि दुर्गा भगवती गाउँपालिका भित्र रहेका अस्पतालहरुमा सम्म रु. ५००।००<br>४. दुर्गा भगवती गाउँपालिका देखि चन्द्रपुर सम्म रु. २,०००।००<br>५. दुर्गा भगवती गाउँपालिका देखि भरतपुर सम्म रु. ७,५००।००<br>६. दुर्गा भगवती गाउँपालिका देखि काठमाण्डौ सम्म रु. ११,०००।००<br>७. दुर्गा भगवती गाउँपालिका देखि बीरगंज सम्म रु. ३,५००।००<br>८. दुर्गा भगवती गाउँपालिका देखि हेटौडा सम्म रु. ५,०००।००<br>९.दुर्गा भगवती गाउँपालिका देखि रक्सौल सम्म रु. ४,०००।००<br>१०. दुर्गा भगवती गाउँपालिका देखि जनकपुर सम्म रु. ५,५००।००<br>११. दुर्गा भगवती गाउँपालिका देखि गरुडा सम्म रु. १,०००।००<br>यसमा उल्लेख भएदेखि बाहेककोमा प्रति कि.मि रु. ५० का दरले हिसाव गरी भाडा रकम लिइने छ । |

यसमा माथी उल्लेखित वस्तु तथा सेवा देखि बाहेकका विषयमा कर दस्तुर र शुल्क लगाउन परेमा कर निर्धारण गर्न पाउने अधिकार गाउँ कार्यपालिकालाई प्रत्यायोजन गर्ने निर्णय समेत गरियो ।

**११. वार्षिक ठेक्काको लागि न्यूनतम दर रेट सम्बन्धी व्यवस्था :**

| क.सं. | ठेक्कालाग्ने स्थान | कर उठाउनुपर्ने क्षेत्र | न्यूनतम कबूल अंक | बोल पत्र फारम दस्तुर |
|---|---|---|---|---|
| १ | बागमती नदी माछा ठेक्का | | १,५०,०००। | १,०००। |
| २ | झाँझ नदी माछा ठेक्का | | १,००,०००। | १,०००। |

**यस अनुसूचिमा उल्लेख नभएको कुनै सेवाको हकमा रु. ५००। सेवाशुल्क वा दस्तुर लाग्नेछ ।**

# अनुसूची-११

(दफा १३ सँग सम्बन्धित)

आ.व. २०८२/०८३ मालागु हुने प्राकृतिक श्रोत साधनको विक्रीको न्यूनतम दर

| क.सं. | विवरण | न्यूनतम दर |
|---|---|---|
| १ | बालुवा, गिटी एवं माटोजन्य वस्तु प्रति घनमिटर | रु. २००। |
| २ | काठ प्रति क्यूब फिट | रु.१०००। |
| ३ | दाउरा, जराजुरी प्रति ट्रयाक्टर | रु. २०००। |

आज्ञाले,
नविन कुमार श्रीवास्तव
प्रमुख प्रशासकीय अधिकृत

रु. २५/-